# मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कार्यक्रम" भन्नाले यस कार्यविधि अनुसार स्थानीयस्तरमा विकास क्रियाकलाप सञ्चालन गरी रोजगारी सिर्जना गर्ने मूलभूत उद्देश्य राखी छनोट गरिएका मुख्यमन्त्री कर्णाली रोजगार अन्तर्गतका आयोजना तथा कार्यक्रम सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले कर्णाली प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।

(ग) "समिति" भन्नाले दफा ९ बमोजिमको कार्यक्रम व्यवस्थापन समिति सम्झनु पर्छ।

परिच्छेद -२

## आयोजना छनोट सम्बन्धी व्यवस्था

३. आयोजना छनोट (१) कार्यालयले आगामी आर्थिक वर्षको लागि आर्थिक मामिला तथा योजना मन्त्रालयबाट बजेट सीमा प्राप्त भएको सात दिनभित्र कार्यक्रम अन्तर्गतका आयोजना तथा कार्यक्रम मागको लागि कम्तीमा सात दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) कार्यक्रम अन्तर्गतको आयोजना वडाले अनुसूची-१ बमोजिमको क्षेत्रभित्र रही आफ्नो आवश्यकता र प्राथमिकतामा परेको आयोजनामध्येबाट छनोट गर्नु पर्नेछ।

(३) प्रत्येक वडाले कार्यक्रम अन्तर्गत एउटा आयोजना तथा कार्यक्रम छनोट गरी स्थानीय तहको कार्यपालिकामा अनुसूची-२ बमोजिमको ढाँचामा सिफारिस सहित पेस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम वडाबाट छनोट भई सिफारिस प्राप्त भएको आयोजना कार्यक्रमको उद्देश्य अनुरूप भए नभएको यकिन गरी स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी उपदफा (१) बमोजिमको सूचनाको म्यादभित्र स्थानीय तहले मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अनलाइन प्रणालीमा प्रविष्टि गरिसक्नु पर्नेछ।

**स्पष्टीकरण:** यस उपदफाको प्रयोजनको लागि मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अनलाइन प्रणाली भन्नाले कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कार्यालयले सञ्चालन गरेको वेव बेसमा आधारित विद्युतीय प्रणाली सम्झनु पर्छ।

सचिव

(५) उपदफा (२) बमोजिम वडाबाट छनोट तथा सिफारिस गरी पठाइएको आयोजना कार्यान्वयनमा कुनै विवाद नरहेको तथा सिफारिस गरिएका आयोजना कार्यान्वयनमा कुनै बाधा नपर्ने व्यहोराको स्थानीय तहको निर्णय सहितको प्रतिवद्धता पत्र साथमा संलग्न गर्नु पर्नेछ।

(६) स्थानीय तहबाट उपदफा (१) बमोजिमको समयभित्र विद्युतीय प्रणालीमा प्रविष्टि भएका आयोजना अनुसूची-१ बमोजिमको क्षेत्र/उपक्षेत्र भन्दा फरक प्रकृतिको भएमा समितिले आवश्यकता र औचित्यताको आधारमा त्यस्ता स्थानीय तहमा कार्यान्वयन हुने आयोजना परिमार्जन गरी सात दिनभित्र पुनः प्रविष्टि गर्न स्थानीय तहलाई लेखि पठाउन सक्नेछ।

(७) उपदफा (६) बमोजिम पुनः प्रविष्टिका लागि जानकारी गराइएकोमा उक्त समयावधिभित्र आयोजना प्रविष्टि नभएमा वा क्षेत्र/उपक्षेत्र भन्दा फरक प्रकृतिको आयोजना प्रविष्टि भएमा त्यस्तो स्थानीय तहको वडाका लागि रकम विनियोजन गर्न कार्यालय बाध्य हुने छैन।

४. <u>आयोजना छनोटका आधार</u> (१) वडा तथा स्थानीय तहबाट कार्यक्रम अन्तर्गत कार्यान्वयन हुने आयोजनाको छनोट गर्दा देहायका आधारहरू लिनु पर्नेछ;

(क) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,
(ख) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
(ग) उत्पादनमूलक तथा छिटो प्रतिफल दिने,
(घ) स्थानीय बासिन्दाको सहभागिता जुट्ने, स्वंयसेवा परिचालन गर्ने,
(ङ) स्थानीय साधन स्रोत तथा सिपको अधिकतम उपयोग हुने,
(च) महिला, बालबालिका तथा पिछडिएका वर्ग क्षेत्र तथा समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
(छ) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
(ज) दिगो विकास, वातावरण संरक्षण तथा सम्वर्द्धनमा सघाउ पुग्ने,
(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुग्ने।

(२) आयोजना छनोट गर्दा उत्पादनमूलक तथा स्वरोजगारी सिर्जना गर्ने उद्यम, उद्योग, सिंचाई, खानेपानी, नदी प्रकोप नियन्त्रण, भूसंरक्षण, कृषि वन तथा कृषि विकास, पर्यटन जस्ता पूर्वाधारका क्षेत्रमा गर्नु पर्नेछ।

५. <u>बजेट बाँडफाँटः</u> (१) आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त बजेट सीमाभित्र रही कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहबाट स्वीकृत भई विद्युतीय प्रणालीमा प्रविष्टि भएका आयोजनाहरूमा समितिको सिफारिसमा कार्यालयको निर्णयानुसार सबै वडालाई बराबर पर्ने गरी हुम्ला, मुगु र डोल्पा जिल्लाका प्रत्येक वडामा बीस लाख रुपैयाँ र अन्य जिल्लाका प्रत्येक वडामा पन्ध्र लाख रुपैयाँ पर्ने गरी बजेट बाँडफाँट गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बजेटको उपलब्धता तथा प्रदेश सरकारको प्राथमिकता समेतका आधारमा कार्यालयले प्रत्येक वडामा कार्यान्वयन हुने आयोजनाको बजेट एउटै अनुपातमा घटाउन वा बढाउन सक्नेछ।



सचिव

६. **बजेट निकासाः** स्वीकृत कार्यक्रममा विनियोजित बजेट सालवसाली विनियोजन ऐन तथा स्थानीय तहमा बजेट कार्यान्वयनका लागि प्रदान गरिने मार्गदर्शन बमोजिम प्रगतिका आधारमा स्थानीय तहमा निकासा गरिनेछ।

परिच्छेद-३

## कार्यक्रम कार्यान्वयन सम्बन्धी व्यवस्था

७. **कार्यक्रमको कार्यान्वयनः** (१) दफा ५ बमोजिम बजेट बाँडफाँट भएका आयोजनाको कार्यान्वयन प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहबाट हुनेछ।

(२) कार्यक्रम कार्यान्वयन गर्दा अनुसूची-३ बमोजिमका शर्तहरू पालना गर्नु पर्नेछ।

(३) आयोजनामा काम गर्ने श्रमिकको पारिश्रमिक निजको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ।

(४) स्थानीय तहबाट आयोजना कार्यान्वयनका सम्बन्धमा कुनै सहयोग माग भएमा कार्यालयले आवश्यक समन्वय र सहजीकरण गर्नु पर्नेछ।

८. **श्रम तथा सामग्री अनुपातः** यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा विनियोजन भएको बजेटको कुल खर्चमध्ये श्रम र सामग्रीमा गरिने खर्चको अनुपात अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछ।

परिच्छेद-४

## कार्यक्रम व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

९. **कार्यक्रम व्यवस्थापन समितिः** (१) आयोजना तथा कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमका पदाधिकारी रहने गरी एक समिति रहनेछ।

(क) महाशाखा प्रमुख, शासकीय सुधार तथा समन्वय महाशाखा, कार्यालय –संयोजक

(ख) शाखा प्रमुख, योजना, अनुगमन तथा आर्थिक पूर्वाधार शाखा, कार्यालय –सदस्य

(ग) कम्तीमा सातौं तहको अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय –सदस्य

(घ) रोजगारसम्बन्धी कार्यक्षेत्र भएको विषयगत मन्त्रालयको कम्तीमा सातौं तहको अधिकृत प्रतिनिधि एक जना –सदस्य

(ङ) सातौं/आठौं तहको अधिकृत, योजना, अनुगमन तथा आर्थिक पूर्वाधार शाखा, कार्यालय –सदस्य सचिव

(२) समितिको वैठकमा अन्य विज्ञ सदस्यलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनाको विवरण तयार गर्ने,

(ख) सङ्कलित आयोजना अनुसूची-१ बमोजिमको क्षेत्र/उपक्षेत्र भित्र भए नभएको विश्लेषण गरी परिमार्जन गर्नु पर्ने भए सम्बन्धित स्थानीय तहलाई जानकारी गराउने,



सचिव

(ग)आयोजनाको सूची तयार गरी रकम बाँडफाँटका लागि कार्यालय मार्फत मुख्यमन्त्री समक्ष पेस गर्ने,

(घ) रकम बाँडफाँट भएका आयोजना प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि गर्न प्रबन्ध मिलाउने,

(ङ)कार्यक्रमसम्बन्धी सबै विषयको अभिलेख अद्यावधिक रुपमा राख्ने,

(च) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा आवश्यक सहजीकरण गर्ने,

(छ) आवश्यकता अनुसार अन्य कार्य गर्ने।

## परिच्छेद-५
## विविध

१०. **कन्टिन्जेन्सी खर्च सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम सञ्चालन हुने आयोजनामा विनियोजित बजेटको बढीमा तिन प्रतिशत स्थानीय तहबाट कन्टिन्जेन्सी खर्च गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्नुपूर्व खर्चका शिर्षक तथा उक्त शिर्षकमा खर्च हुने रकम समेत समावेश गरी स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

(३) आयोजनास्थलमा कार्यक्रम अन्तर्गतको आयोजनाको विवरण खुल्ने गरी सूचना पाटी राख्नु पर्नेछ।

११. **प्रतिवेदन सम्बन्धी व्यवस्थाः** (१) कार्यक्रमको सम्बन्धमा सम्बन्धित स्थानीय तहले कार्यालयमा त्रैमासिक र वार्षिक रुपमा प्रगति प्रतिवेदन पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम स्थानीय तहले प्रगतिको प्रतिवेदन गर्दा अनुसूची- ४ बमोजिमको ढाँचामा गर्नु पर्नेछ।

(३) कार्यक्रम अन्तर्गतका आयोजनाको प्रगति विवरण उपदफा (१) बमोजिमको समयावधिभित्र पेस नगर्ने स्थानीय तहलाई आगामी आर्थिक वर्षमा प्रदान गरिने बजेट कटौति गर्न सकिनेछ।

(४) प्रतिवेदन प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाउन सरोकारवाला पक्षलाई आबद्ध गराई कार्यालयले अनलाइन प्रणाली स्थापना, सञ्चालन र अभिमुखीकरण गर्न सक्नेछ।

१२. **सार्वजनिक परीक्षणः** (१) स्थानीय तहले श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्च विवरणको योजनागत वा एकमुष्ट रूपमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

(२) आयोजना कार्यान्वयन गर्ने निकायले अन्तिम भुक्तानी गर्नु पूर्व आम उपभोक्ता, स्थानीय जनप्रतिनिधि, सामुदायिक संस्था र सम्बन्धित स्थानीय तहले तोकेको उपलब्ध भएसम्म अधिकृतस्तरको कर्मचारी समेतको उपस्थितिमा सार्वजनिक परीक्षण गराउनु पर्नेछ।

१३. **तेस्रो पक्षको संलग्नताः** रोजगार आयोजनाको कार्यान्वयन गर्ने क्रममा कुनै पनि काम ठेक्का मार्फत वा तेस्रो पक्ष नियुक्त गरी गर्न पाइने छैन।



सचिव

१४. <u>अनुगमन तथा मूल्याङ्कन:</u> कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन कार्यालय, र सम्बन्धित स्थानीय तहले आवश्यकता अनुसार एकल वा संयुक्त रूपमा गर्नेछ।

१५. <u>वित्तीय उत्तरदायित्व र जिम्मेवारी:</u> (१) वित्तीय अनुशासन कायम गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने लगायत आयोजनाको सम्पूर्ण जिम्मेवारी तथा उत्तरदायित्व आयोजना कार्यान्वयन गर्ने स्थानीय तहको हुनेछ।

१६. <u>आयोजना संशोधन गर्न नसकिने:</u> (१) स्थानीय तहको कार्यपालिकाबाट एक पटक निर्णय गरी पठाइएका आयोजना दोहोरो परेको, अनपेक्षित अवस्था आइ बजेट दुरूपयोग हुने आधार र प्रमाण प्राप्त भएको अवस्थामा बाहेक संशोधन गर्न सकिने छैन।

१७. <u>बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्दा कुनै द्विविधा वा बाधा अड्काउ उत्पन्न भएमा कार्यालयले बाधा अड्काउ फुकाउन सक्नेछ।

सचिव

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूची-१

(दफा ३ को उपदफा (२) र (६), दफा ८ तथा दफा ९ को उपदफा (३) को खण्ड (ख) सँग सम्बन्धित)

## आयोजनाको क्षेत्र/उपक्षेत्र अनुसार श्रम तथा सामग्री अनुपात

| क्र.सं. | आयोजनाको क्षेत्र/उपक्षेत्र | बजेट खर्च प्रतिशत | |
|---|---|---|---|
| | | पारिश्रमिक (न्युनतम) | सामग्री खरिद (अधिकतम) |
| १ | उत्पादनमूलक तथा स्वरोजगारी सिर्जना गर्ने उद्यम विकास, उद्योग तथा आयोजना स्थापना र सञ्चालन | ५० | ५० |
| २ | कृषि वन, कृषि (सामुहिक वा सहकारी खेती) उत्पादन/सङ्कलन/प्रशोधन | ६० | ४० |
| ३ | सिंचाइ | ५० | ५० |
| ४ | खानेपानी | ५० | ५० |
| ५ | तालतलैया, जलाशय, पानी सङ्कलन पोखरी | ५० | ५० |
| ६ | तटबन्धन, नदी नियन्त्रण तथा भू-संरक्षण | ६० | ४० |
| ७ | पर्यटन पूर्वाधार निर्माण | - | - |
| | ७.१ पदमार्ग | ७० | ३० |
| | ७.२ पर्यटन विश्राम स्थल | ७० | ३० |
| | ७.३ सिँढी निर्माण | ६० | ४० |
| ८ | पानी घट्ट तथा घट्ट कुलो | ७० | ३० |

सचिव

अनुसूची-२

(दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

## आयोजनाको सिफारिस सूचीसम्बन्धी फाराम

जिल्लाः

स्थानीय तहः

| क्र.सं. | कार्यक्रम/आयोजनाको नाम | वडा नं. | आयोजना स्थल | प्रस्तावित रकम | विषय क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सचिव

अनुसूची-३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## कार्यक्रम कार्यान्वयनका शर्तहरू

१. आयोजनाको कार्य प्रगति र आयोजना सम्पन्न भएको अवस्था अनुसार प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा कानून बमोजिम भुक्तानी दिनु पर्नेछ।

२. स्थानीय तहको सुपरिवेक्षण तथा अनुगमन समितिले आयोजना कार्यान्वयनको कम्तिमा २ पटक अनुगमन गर्नुपर्नेछ। कार्यालयले समेत आवश्यकता अनुसार कुनै आयोजनाको अनुगमन गर्न सक्नेछ।

३. कर्णाली प्रदेश सरकारका मन्त्रालय/कार्यालयले, आयोजना कार्यान्वयन गर्ने स्थानीय तहले आयोजना कार्यान्वयनका विषयमा कुनै सहयोग मागेमा आवश्यक समन्वय र सहजीकरण गर्नुपर्नेछ।

४. स्थानीय तहले आफूले सञ्चालन गरेका आयोजनाहरुको आर्थिक तथा भौतिक प्रगति समेतका आधारमा नियमानुसारका प्रक्रिया एवम् कागजात पूरा गरी भुक्तानी गर्नुपर्नेछ। स्थानीय तहले आफ्नो कार्यको त्रैमासिक प्रगति प्रतिवेदन कार्यालयमा पेस गर्नु पर्नेछ।

५. स्थानीय तहले दफा (३) बमोजिम छनोट तथा स्वीकृत भएका आयोजनाहरु मात्र कार्यान्वयन गर्नु पर्नेछ। जुनसुकै कारणबाट स्वीकृत आयोजना भन्दा फरक आयोजना सञ्चालन गर्न, कार्यान्वयन गर्न तथा भुक्तानी दिन पाइने छैन।

६. स्थानीय तहले आयोजना कार्यान्वयन गर्दा आफ्नो क्षेत्र भित्रको सुचीकृत वेरोजगार व्यक्तिलाई रोजगारका काममा लगाउनु पर्नेछ। रोजगारीमा लगाइएका व्यक्तिलाई रोजगारीमा लगाइएको अवधि समेत गणना गरी प्रचलित कानून अनुसारको पारिश्रमिक सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत भुक्तानी गर्नुपर्नेछ।

७. कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना स्थलमा आयोजनाको नाम, कूल लागत अनुमान, कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना हो भन्ने सूचना सहितको सूचना पाटी अनिवार्य रूपमा राख्नु पर्नेछ।

८. यस दफा बमोजिम कार्यान्वयन हुने आयोजनाहरु तथा कार्यक्रमहरुमा वित्तीय अनुशासन कायम गराउने, प्रचलित कानून बमोजिम लेखा राख्ने तथा लेखापरीक्षण गराउने उत्तरदायित्व तथा जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

९. यस दफा बमोजिम कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुको अन्तिम भुक्तानी पूर्व आयोजना वा कार्यक्रमका उपभोक्ता वा लाभग्राही समुदाय, सामुदायिक संघसंस्थाका प्रतिनिधि एवं स्थानीय



सचिव

जनसमुदायको समुपस्थितिमा सम्बन्धित वडाको जनप्रतिनिधिको रोहवरमा सार्वजनिक लेखापरीक्षण गराइएको हुनु पर्नेछ।

१०. कार्यक्रम वा आयोजनाका लागि विनियोजन भएको रकमबाट स्थानीय तहले तलब भत्ता, आर्थिक सहायता, चन्दा पुरस्कार जस्ता चालु प्रकृतिका खर्च गर्न पाइनेछैन।

११. आयोजनामा स्वीकृत बजेट भन्दा बढी रकम निकासा हुने छैन।

१२. कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहले कार्यक्रमको वार्षिक समीक्षा गर्नु पर्नेछ।

१३. मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ मा उल्लेख नभएका विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

सचिव

अनुसूची-४

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

## प्रगति प्रतिवेदनको ढाँचा

........ कार्यपालिकाको कार्यालय

....... नगरपालिका/गाउँपालिका

(जिल्लाको नाम)

मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम (आ.व. ............)

### आयोजना कार्यान्वयन सम्बन्धी वार्षिक/त्रैमासिक प्रतिवेदन

जिल्लाः

स्थानीय तहः

| सि.नं. | आयोजनको नाम | वडा नं. | विनियोजित बजेट | खर्च | खर्च प्रतिशत | लाभान्वित श्रमिक सङ्ख्या | | | | | | | | | | | | आयोजना सञ्चालनबाट प्राप्त भएका मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | दलित | | | जनजाती | | | बाहुन/क्षेत्री | | | अन्य | | | |
| | | | | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| कूल जम्मा | | | | | | | | | | | | | | | | | | |

पुनश्चः यस ढाँचालाई मन्त्रालयले अनलाइन प्रणालीबाट विवरण प्रविष्टि गर्न मिल्ने गरी थप परिस्कृत गर्न सक्नेछ।

...............
तयार गर्ने
रोजगार संयोजक

...............
प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत